"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"
# धरान उपमहानगरपालिका
## DHARAN SUB-METROPOLITAN CITY
# नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF THE MUNICIPAL EXECUTIVE
( शिक्षा, युवा तथा खेलकुद महाशाखा शाखा)
( Section)
धरान, सुनसरी, १ नं. प्रदेश, नेपाल
Dharan, Sunsari, Province No. 1, Nepal

पत्र संख्या :- २०७५।७६
चलानी नं. :- ६५०२

मिति: २०७६।०१।०४

**विषय: निर्देशन सम्बन्धमा ।**

श्री कक्षा ८ संचालित सम्पूर्ण विद्यालयहरु
धरान उपमहानगरपालिका, सुनसरी ।

प्रस्तुत विषयमा धरान उपमहानगरपालिका, **नगर स्तरीय परीक्षा समितिको** मिति २०७६।०१।०४ को बैठकको निर्णयबाट २०७५ सालको **आधारभूत शिक्षा उत्तीर्ण परीक्षा** सम्बन्धमा देहायका निर्णयहरु भएकोले सोही बमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

१. शैक्षिक सत्र २०७५ मा लिइएको कक्षा ८ को वार्षिक परीक्षाको नतिजा प्रकासन भई सकेको अवस्थामा नतिजामा चित्त नबुझ्ने विद्यार्थीहरुले प्राप्त ग्रेडमा पुनर्योग गर्न चाहेमा मिति २०७६।०१।११ गते दिनको ४ बजे भित्रमा रु २०० को शुल्क बुझाई शिक्षा युवा तथा खेलकुद महाशाखामा निवेदन दिन सक्ने ।

२. शैक्षिक सत्र २०७५ मा लिइएको कक्षा ८ को वार्षिक परीक्षाको नतिजा प्रकासन भई प्रारम्भिक ग्रेड लेजर समेत विद्यालयहरुलाई प्रदान गरिसकिएकोमा सो लेजरमा उल्लिखित विवरणमा त्रुटि भएमा मिति २०७६।०१।१० गते सम्ममा शिक्षा, युवा तथा खेलकुद महाशाखामा सच्चाउनु पर्ने विवरण सहित निवेदन दिन सक्ने । ग्रेडसिट प्रकासन पश्चात सच्चाउनु पर्ने भएमा प्रतिलिपि लिने नियमानुसार प्रतिलिपि मात्र प्राप्त हुने ।

३ शैक्षिक सत्र २०७५ मा लिइएको कक्षा ८ को वार्षिक परीक्षामा 'D' र 'E' ग्रेड प्राप्त गर्ने विद्यार्थीहरुका लागि देहाय बमोजिमको समय तालिका अनुसार पूरक परीक्षा संचालन हुने । विद्यालयले पूरक परीक्षामा सहभागी हुने विद्यार्थीहरुको फाराम भराई मिति २०७६।०१।१० गते भित्रमा शिक्षा, युवा तथा खेलकुद महाशाखामा पेश गर्ने ।

**समयः** विहान १०:३० बजे देखि

| क्र.स. | मिति | विषय |
|---|---|---|
| १ | २०७६/०१/१५ | गणित |
| २ | २०७६/०१/१६ | विज्ञान तथा वातावरण शिक्षा |
| ३ | २०७६/०१/१७ | सामाजिक अध्ययन तथा जनसंख्या शिक्षा |
| ४ | २०७६/०१/१९ | नेपाली |
| ५ | २०७६/०१/२० | अंग्रेजी |
| ६ | २०७६/०१/२२ | पेसा, व्यवसाय तथा प्रविधि शिक्षा |
| ७ | २०७६/०१/२३ | स्वास्थ्य तथा शारीरिक शिक्षा र नैतिक शिक्षा |
| ८ | २०७६/०१/२४ | ऐच्छिक/ स्थानीय विषय |

बोधार्थ
१. श्री सूचना शाखा - Website मा upload गरिदिनु हुन ।

२०७६।०१।०४

कार्यकारी अधिकृत: ०२५-५२०२७९, आर्थिक प्रशासन: ५२५४९०, सूचना, राजस्व: ५२०१०९, कार्यालय: ५२०४०७, ५२०६३६, ५२०८१३ फ्याक्स: ५२१९९१ वरुणयन्त्र: १०१, ५२०१९९
E-mail: info@dharan.gov.np, Website: http:/www.dharan.gov.np
education@dharan.gov.np